Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**मुलुकी दैनिकको भदौ महिनाको मासिक शुल्क बुझाउने जरुरी सुचना**

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८

■ बर्ष-१७, ▶▶ अंक १८ असोज ८ गते शुक्रबार,२०७८, September–24 Friday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## उदयपुर शिर्ष नेतृत्वमा

मुलुकी संवाददाता
उदयपुर, असोज ७





नेकपा एकिकृत समाजबादी पार्टीको केन्द्रिय कमिटीमा उदयपुरका दुई नेताले शिर्ष पदमा जिम्मेवारी पाएका छन् ।

जिम्मेवारी पाउनेमा जगनाथ खतिवडाले पार्टीको सचिब र त्रियुगा नगरपालिका उदयपुरका मेयर बलदेब चौधरीले पोलिटब्युरो सदस्यको जिम्मेवारी पाएका छन् । पाटीको केन्द्रिय जिम्मेवारीमा शिर्ष नेतृत्वमा उदयपुरले दुई नेता पाए पछि उदयपुरमा अहिले चर्चाको बिषय बनेको छ । असोज ५ गतेदेखि ७ गते बिहिबारसम्म बसेको केन्द्रिय कमिटीको बैठकले अध्यक्ष माधब कुमार नेपाललाई चुनेको छ । बैठकलले ३५ सदस्यीय स्थायी कमिटी, ७१ सदस्यीय पोलिटब्युरो र ३०१ सदस्यीय केन्द्रिय कमिटी गठन गरेको छ। यस अघि नेकपा एमालेमा हुँदा जगनाथ खतिवडा र बलदेब चौधरी दुबै जना केन्द्रिय सदस्य थिए । नेकपा एकिकृत समाजबादी पाटीमा दुबै जनाको पदउन्नती भएको हो ।

# उदयपुरमा ८ जना नेता चुनिदै

बुद्धि कुमार राई
उदयपुर, असोज ७

नेपाली काङग्रेस उदयपुरको असोज ९ गते शनिबार हुने नगरपालिका तथा गाउँपालिकाको अधिबेशसनले ८ जना नया नेता निर्बाचित गर्ने भएको छ ।

काङग्रेसको १४ औं महाधिबेशनको नगर तथा पालिकाको अधिबेशनले ८ जना नगरपालिका र गाउँपालिकाकाको सभापति सहित उदयपुरका प्रत्येक पालिकामा ७ जना सहित ५६ जना नयाँ नेता चुनिने भएका हुन् । निर्बानको लागि अहिले उदयपुरमा दुई खेमामा काङ्ग्रेसले आफ्नो उमेदवार अघि सारेका छन् । त्रियुगा नगरपालिकामा प्रकाश खड्का र सुमन चौधरी, चौदण्डीगढी नगरपालिकामा राम कुमार खड्का र राजेन्द्र पौडेल, बेलका नगरपालिकामा बाबुराम थापा र अशोक कार्की, कटारी नगरपालिकामा प्रकाश थापा र प्रेम थापा बिच निर्बाचन हुने छन् । त्यस्तै बाँकी चार गाउँपालिका रौतामाई गाउँपालिकामा घमान सिङ मगर र टेक बहादुर दाहाल, लिमचुङबुङ गाउँपालिकामा सुनिल राई र नेत्र कार्की, उदयपुरगढी गाउँपालिकामा यम बहादुर पाण्डे र ताप्ली गाउँपालिकामा दिप कुमार राष्कोटी र माधब राष्कोटी बिच निर्बाचन प्रतिस्पर्धा हुने भएको हो ।



चक्रमणी पोखरेल
त्रियुगा नगर सभापति २०५४-२०५७



सत्यनारायण चौधरी
त्रियुगा नगर सभापति २०५७-२०६२



ताराकान्ता चौधरी
त्रियुगा नगर सभापति २०६२ -२०६७



सरोज बस्नेत
त्रियुगा नगर सभापति २०६७ -२०७२
२०७२- २०७७



सुमन चौधरी प्रकाश खड्का

नेपाली काङ्ग्रेस त्रियुगा नगरपालिकाको नगर कमिटीको ५ औ नगर सभापति खड्का कि चौधरी ?

## एमाले उदयपुरले प्रतिनिधि टुङ्गो लगायो

मुलुकी संवाददाता
उदयपुर, असोज ७



नेकपा एमाले उदयपुरले आगामी असोज १५ देखि १७ गतेसम्म ललितपुरको गोदाबरीमा हुने बिधान महाधिबेशनमा उदयपुरबाट सहभागी हुने प्रतिनिधीहरुको नाम बिहिबार बसेको सचिवालय बैठकले टुङ्गो लगाएको छ ।

बैठकले केन्द्रिय सदस्य मन्जुकुमारी चौधरी, प्रदेश सदस्यहरु लक्ष्मीनारायण चौधरी , मणिराज पौडेल , नबराज पोखरेल , बेद प्रसाद पोखरेल , भिमकुमारी राउत प्रतिनिधिको लागि छनौट भएका हुन् । त्यस्तै बैठकले एमाले उदयपुर अध्यक्ष इस्वरमणी राउत उपाध्यक्ष बिमल कार्की, सचिब परमेश्वर घिमिरे, उपसचिब ज्ञानेन्द्र श्रेष्ठ, बेलका नगरपालिकाका नगर प्रमुख मेयर दुर्गा कुमार थापा, उपमेयर राजकुमारी चौधरी, जिल्ला सम्वनय समितिका प्रमुख खडगबहादुर परियार, जिल्ला सम्वनय समितिका उपप्रमुख गंगा राई, रौतामाई गाउँपालिकाका अध्यक्ष गजेन्द्र ब. खड्का, उपाध्यक्ष कुमारी राना ज्यु ठकुरी, ताप्ली गाउँपालिकाका अध्यक्ष उद्धब सिङ थापा, उपाध्यक्ष कमला माया राई, उदयपुरगढी गाउँपालिकाका उपाध्यक्ष सानुकुमारी राउत, प्रदेश सांसद अम्बिका थापा, कला घले,रहेका छन्। अन्य प्रतिनिधिहरुमा उदयपुर क्षेत्र नं. १ खुल्लाबाट भागवत राउत, महेश्वरी राई - उदयपुर क्षेत्र नं. १ महिला, गोपाल खत्री - उदयपुर क्षेत्र नं. २ खुल्ला, गिता खडका - उदयपुर क्षेत्र नं. २ महिला, भिमबहादुर परियार - दलित प्रतिनिधि छनौट भएका छन् ।







यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ। न्यु हलेसी फुटवेयर सप्लार्यस । त्रिनपा ११ गाईघाट, पुरानो पेट्रोलपम्प पछाडी उदयपुर । प्रोपाइटर - सुमन कटुवाल । सम्पर्क ९८५१११०१६८ /९८०७७७४२१० ।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



सम्पादकीय...

## काङ्ग्रेसमा कुन नेतालाई भोट लगाउने ।

उदयपुरमा असोज ९ गते शनिबार नगरपालिका तथा गाउँपालिकामा सभापति सहित ७ जना नेताहरुलाई काङ्ग्रेस जनहरुले भोट हाल्दै छ। उदयपुरमा ४ नगरपालिका सहित ४ गाउँपालिका गरी ८ वटा स्थानिय तह छन् । यसमा अहिले नेपाली काङ्ग्रेस पनि दुई गुटमा बिभाजित भएर निर्बाचनमा होमिएका छन् । पूर्व पार्टी सभापतिहरु बिदुर बस्नेत र हिमाल कार्कीको दुई गुट अहिले जिल्लाभरको नगरपालिका र गाउँपालिकामा क्रियाशिल भएर निर्बाचनमा लागेका हुन् । नेपाली काङ्ग्रेस उदयपुरको असोज ९ गते शनिबार हुने नगरपालिका तथा गाउँपालिकाको अधिबेशसनले ८ जना नया नेताहरु निर्बाचित हुँदै । धेरै जसो पुरानै नेताहरु दोहोरिने पक्का भईसक्केको छ भने त्रियुगा नगरपालिकामा सभापतिको दुबै जना उमेदबार नयाँ हुन् ।

काङ्ग्रेसको १४ औं महाधिबेशनको नगर तथा पालिकाको अधिबेशनले ८ जना नगरपालिका र गाउँपालिकाकाको सभापति सहित उदयपुरका प्रत्येक पालिकामा ७ जना सहित ५६ जना नयाँ नेता चुनिने भएका हुन् । निर्बानको लागि अहिले उदयपुरमा दुई खेमामा काङ्ग्रेसले आफ्नो उमेदवार अघि सारेका छन् । त्रियुगा नगरपालिकामा प्रकाश खड्का र सुमन चौधरी, चौदण्डीगढी नगरपालिकामा राम कुमार खड्का र राजेन्द्र पौडेल, बेलका नगरपालिकामा बाबुराम थापा र अशोक कार्की, कटारी नगरपालिकामा प्रकाश थापा र प्रेम थापा बिच निर्बाचन हुने छन् । त्यस्तै बाँकी चार गाउँपालिका रौतामाई गाउँपालिकामा घमान सिङ मगर र टेक बहादुर दाहाल, लिमचुङबुङ गाउँपालिकामा सुनिल राई र नेत्र कार्की, उदयपुरगढी गाउँपालिकामा यम बहादुर पाण्डे र ताप्ली गाउँपालिकामा दिप कुमार राष्कोटी र माधब राष्कोटी बिच निर्बाचन प्रतिस्पर्धा हुने भएको हो । त्रियुगा नगरपालिकाको हकमा अहिले सम्म ४ जना नगर सभापति भईसके । २०५४ सालमा नगरपालिका भए पछि पहिलो नगरसभापति चक्रमणी पोखरेल, दोस्रो सभापति सत्यनारायण चौधरी, तेस्रो सभापति ताराकान्ता चौधरी भए पनि चौथो नगरसभापति २०६७ देखि २०७२ र २०७२ देखि २०७७ सम्म सरोज बस्नेत नगरसभापति भए ।

उदयपुरमा १३९३ जना निर्बाचित क्षेत्रिय प्रतिनिधिहरुमा त्रियुगा नगरपालिकामा ३८२ जनाले नगरसभापति सहित सात जनालाई निर्बाचनमा भोट हाल्ने भएका छन् । नगरपालिका र गाउँपालिकामा ७ सदस्यीय कमिटीमा एक सभापति, दुई उपसभापति, दुई सचिब र दुई सहसचिबलाई निर्बाचनमा भोट लगाउनुपर्ने हुन्छ । सबैभन्दा बढि क्षेत्रिय प्रतिनिधि त्रियुगा नगरपालिकामा ३८२ जना, कटारी नगरपालिकामा २६०, चौदण्डी नगरपालिकामा १८३, बेलका नगरपालिकामा १४८ जना, उदयपुरगढी गाउँपालिकामा १२९, रौता गाउँपालिकामा १२७ जना, लिमचुङबुङ गाउँपालिकामा ८३ जना र ताप्ली गाउँपालिकामा ८१ जना क्षेत्रिय प्रतिनिधिहरुले काङग्रेसको नगरपालिका र गाउँपालिकाको ७ जना नेताहरुलाई भोट हालेर निर्बाचित गर्ने भएका छन् । निर्बाचनमा दुबै पक्षको ५६ सिटको लागि १ सय १२ जनाले चुनाबमा भाग लिएका छन् । नेपाली काङ्ग्रेसको चौधौ महाधिबेशनको तयारी स्वरुप यो नगर तथा गाउँपालिकाको अधिबेशनले बिशेष महत्व राखेको छ । आगामी हुने स्थानिय तह, प्रदेश र संघको निर्बाचन एक बर्ष पछि हुँदै छ । निर्बाचनको मुखैमा भएको यस काङ्ग्रेसको अधिबेशनले बिशेष महत्व राखेको छ । निर्बाचनमा उठेका दुबै पक्षका नेताहरु अब्बल रहेका छन् । सबैले जित्न खोजेका छन् । काङ्ग्रेसीहरुले यो निर्बाचनलाई बिशेष महत्वको साथ नेतृत्व निर्बाचित गरेमा आगामी निर्बाचन काङ्ग्रेसमय हुने सम्भावना रहेको छ । यसको लागि सबै काङग्रेसीहरुले सबल र सक्षम नेतृत्वलाई निर्बाचित गर्न जरुरी छ ।

# गाई काटेको आरोपमा पक्राउ परेकालाई छाड्न उदयपुर घेदुङको माग

मुलुकी संवाददाता
गाईघाट, असोज ७

नेपाल तामाङ घेदुङले मरेको गाईलाई व्यवस्थापन गर्ने क्रममा पक्राउ परेका निर्दोष स्थानीयको तत्काल बिनाशर्त रिहाइ गर्नुपर्ने माग गरेको छ । बुधबार एक प्रेस विज्ञप्ती जारी गर्दै घेदुङले कसैको दबाबको भरमा निर्दोशहरुलाई गैरकानुनी ढंगबाट पक्राउ गर्नु दुखद र आपत्तीजनक भएको भन्दै घेदुङले तत्काल रिहाइको माग गरेको हो । गाई काटेको झुठ्ठा आरोपमागतअसोज ४ गते मकवानपुर जिल्लाको बकैयास्थितकालिदमारबाट सोहीगाउँपालिकाको वडा नं. ११ का जनकबहादुर लो तामाङ, राजलो तामाङ, रविन्द्र लो तामाङ, राजकुमार घलान, प्रल्हादभक्त न्यासुर, सोमार भोलन, सञ्चमायाभोलन, सुन बहादुर तामाङ, फुलमायाथिङ र सन्देश बिक सहित १० जनालाई पक्राउ गरेको थियो। विज्ञप्तीमा भनिएको छ ‘नेपालको मौजुदाकानुनले काट्न, मार्न बर्जित गरेको चौपाया पशु गाईलाई व्यापारीहरूले भारततर्फ बेच्न लादै गरेको अवस्थामा बाटैमा मरेपछि गाउँमा दुर्गन्ध फैलने हुँदा त्यसलाई व्यवस्थापन गर्ने क्रममा उल्लेखित व्यक्तिहरूलाई प्रहरीले काटी मारेको भन्दै पक्राउ गरिएको घटनाको तामाङ समुदायको राष्ट्रिय संस्था नेपाल तामाङ घेदुङ तीव्र निन्दा र खेद व्यक्त गर्दछ ।’ घेदुङले वास्तविक सत्यतथ्य नबुझी कसैको गलत सूचनाको आधारमा गौडा ढुकेर निर्दोष नागरिकलाई पक्राउ गरी फसाउने नियतले डरत्रास देखाएर सोहीखालको बयान दिन बाध्य पार्नेसम्मको कार्यबाट सत्य सेवा सुरक्षणम्को नारा बोकेको प्रहरी सेवाको विश्वसनीयतामाथि प्रश्न चिन्ह उठेको जनाएको छ । घेदुङका महासचिव महितकुमार तामाङद्वारा जारी विज्ञप्तीमा प्रहरीको यसखालको कार्यले विगतको आन्दोलनबाट प्राप्त पलब्धीहरू सङ्घीयता, गणतन्त्र, लोकतन्त्र र धर्मनिरपेक्षताको मर्माथि प्रहार गर्नुका साथै संविधानसभाबाट जारी नेपालको संविधानको समेत धज्जी काड्ने काम भएको भन्दै यसलाई तत्काल नसच्याए देशव्यापी सङ्घर्षमा उत्रने चेतावनी दिएको छ । आदिवासी जनजाति समुदायको सांस्कृतिक अधिकारसँग बाझिने यस खालको कानुनले पटक पटक राष्ट्रिय समस्या निम्त्याइरहने हुँदा यसको दीर्घकालीन निकासका लागि राज्यपक्ष, नागरिक समाज, पत्रकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै छलफल अघि बढाएको महासचिव महितकुमार तामाङले जारी गरेको विज्ञप्तीमा उल्लेख छ। घेदुङले जारी गरेको विज्ञप्तीलाई नागरिक आन्दोलनका अगुवा तथा वरिष्ठ पत्रकार नारायण वाग्लेलेसमेत सामाजिक सञ्जालमा शेयर गरेका छन् । उसले विज्ञप्ती सेयर गर्दै पूर्खादेखिको चलन अनुसार गाई गोरूको मासु खाने रैथाने समुदायलाई पक्राउ गरी कानुनी दण्ड दिलाउने प्रहरी कारबाही धर्मनिरपेक्ष राज्यसँग मेल नखाने भन्दै कानुनको धज्जी नकाढ्न चेतावनी दिएका छन् ।









## गाईघाट बजारमा असोज ४ गते सोमबार खुद्रा तरकारी बजार भाउ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १, | आलु | रु ४० | १६, | धनियाँ | रु १०० |
| २, | अदुवा | रु १२० | १७, | लोकल बोडी | रु १४० |
| ३, | टमाटर | रु ४० | १८, | खर्बुजा | रु ४० |
| ४, | बन्दा | रु ४० | १९, | रायो साग | रु २०० |
| ५, | भेन्टा | रु १०० | २०, | लट्टे साग | रु १२० |
| ६, | खुर्सानी | रु १६० | २१, | प्याज | रु ६० |
| ७, | मुला | रु ६० | २२, | निगुरो | रु ६० |
| ८, | पर्बल | रु १०० | २३ | दुध | रु. ७० |
| ९, | तितेकरेला | रु १०० | २४, | दही | रु ९० |
| १०, | भिन्डी | रु ६० | २५, | मोही | रु ५० |
| ११, | च्याउ | रु २४० | २६, | घ्यु | रु ७०० |
| १२, | काउली | रु १६० | २७, | राँगाको मासु | रु ४०० |
| १३, | फर्सी | रु ५० | २८, | बंगुरको मासु | रु ४०० |
| १४, | कटहर | रु ४० | २९, | खसीको मासु | रु १,००० |
| १५, | काँका | रु ५० | | | |




| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-र्मीचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.










# आरके ईम्पोरियम

## गाईघाट, उदयपुर



यहा जाक्वर ब्राण्डका हरेक किसिमका बाथरुम फिटिङ का सामानहरु लगायत घर , भवन मा आवश्यक पर्ने सबै मार्बल, टाइल्स, ग्रेनाईट, पाइप फिटिङका सामान आ.के. इम्पोरियम गाईघाट पिपलचोकमा सुपथ मुल्यमा पाईन्छ। पूर्व मनकामना हार्डवेयर संगै। प्रोपाईटर – राजेश कार्की, सम्पर्क– ०३५४२३६४१, ९८६२६२४६७९

प्रदेश नं. १, गाईघाट उदयपुर

प.सं.2078।079 मिति:-2078।6।8

सूचना ! सूचना !! सूचना !!!

विषय:- निरोगिताको प्रमाणपत्र प्रदान गर्न इच्छुक मेडिकल अधिकृतबाट प्रस्ताव आह्वान गरिएको सूचना।

प्रस्तुत विषयमा यस कार्यालयमा सवारी चालक अनुमतिपत्र नविकरणका साथै नयाँ सवारी चालक अनुमतिपत्र प्रदान गर्न सम्वन्धित व्यक्तिको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र प्रदान गर्न आवश्यक पर्ने भएकोलेसम्वन्धित व्यक्तिको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र प्रदान गर्न इच्छुक मेडिकल अधिकृतबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपशिलको विवरण खुलाई प्रस्ताव पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। पेस हुन आएका प्रस्तावमध्ये प्रक्रिया पुगेका र सेवाग्राहीबाट लिनुपर्ने शुल्कको घटी दररेट उल्लेख भएको प्रस्ताव स्वीकृत गरी दोहोरो सम्झौतामार्फत जिम्मेवारी दिइनेछ।

तपशिल

१. मेडिकल अधिकृतले निवेदन साथ NMC नं. खुलेको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

२. सेवाग्राहीलाई निरोगिताको स्वास्थ्य परीक्षण गर्दा लिने शुल्क अंक र अक्षरमा खुलेको हुनु पर्नेछ।

३. सेवाग्राहीलाई निरोगिताको प्रमाणपत्र प्रदान गरेपछि अनिवार्यरुपमा नगदी रसिद उपलब्ध गराउने प्रतिवद्धता पत्र संलग्न हुनु पर्नेछ।

४. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको स्वास्थ्य संस्थामा कार्यरत नरहेको मेडिकल अधिकृत हुनु पर्नेछ।

५. जिल्ला अस्पतालले निर्धारण गरेको शुल्क भन्दा बढी हुने गरी प्राप्त प्रस्तावलाई मुल्यांकनमा समावेश गरिने छैन ।


६. प्रस्ताव खोल्ने मिति प्रस्ताव प्रकाशित भएको मितिले १६ औं दिन दिनको ३:०० बजे खोलिनेछ।

७. थप जानकारीका लागि सूचना अधिकारीको फोन नं. 9852835027 मा कार्यालय समययमा सम्पर्क राख्नुहोला।

कार्यालय प्रमूख
यातायात व्यवस्था सेवा कार्यालय

Email:tmo.udayapur@gmail.com
Website:https://udayprtmso.dotm.gov.np
Facebookpage:facebook.com/dotmgaighat
Phone: 035-421663







माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट